मिति:- २०७५।०३।२४

पोखरा विश्वविद्यालय

परीक्षा नियन्त्रण कार्यालयको

सूचना !

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७५/०२/१० को मन्त्रीस्तरीय निर्णयानुसार विश्वविद्यालयको काठमाण्डौस्थित सम्पर्क कार्यालय हटाउने निर्देशन बमोजिम मिति २०७५ आषाढ मसान्तभित्र काठमाण्डौस्थित पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयको शाखा हटाउने भनी मिति २०७५/०३/२२ गते पोखरा विश्वविद्यालयले निर्णय गरेको हुँदा पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयको काठमाण्डौ, रातोपुलस्थित सम्पर्क कार्यालयबाट प्रवाह गरिँदै आएको सेवा मिति २०७५/०४/०१ गतेदेखि परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ -३०, ढुङ्गेपाटन, कास्कीबाटै प्रवाह गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तसर्थ विद्यार्थीहरुले परीक्षा नियन्त्रण कार्यालयबाट लिने सेवाको लागि सम्बन्धित कलेजमार्फत वा स्वयम् विद्यार्थीले विश्वविद्यालयमा सम्पर्क गर्नुपर्नेछ र विद्यार्थीहरुलाई परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइने विभिन्न प्रमाणपत्रहरु सम्बन्धित कलेजमार्फत वा सिधै विश्वविद्यालयबाट प्राप्त गर्न सकिनेछ ।

परीक्षा नियन्त्रण कार्यालय